# विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघको क्षमता विकास सहजीकरण पुस्तिका २०७९

## १ परिचय

नेपालको संविधानले शिक्षालाइ मौलिक हकको रूपमा स्थापित गरेको र विद्यालय शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहबाट हुने व्यवस्था गरिएको छ ।सबै बालबालिकाले शिक्षा पाउने हकको सुनिश्चित गर्न र विद्यालय शिक्षालाइ गुणस्तरीय बनाउनका लागि सँघीय तहमा नेपाल सरकार विज्ञान तथा प्रविधि तथा मानव स्रोतविकास केन्द्र लगायतका विभागीय कार्यालयहरू प्रदेश तहमा सामाजिक विकास मन्त्रालय लगायतका कार्यालय र समग्रमा स्थानीय तह व्यवस्थापकीय कामका लागि खटिरहेको अवस्था छ ।

नेपाल सरकार एवम् स्थानीय तहले प्रत्येक विद्यालयको व्यवस्थापन तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउन विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गर्ने नीतिगत व्यवस्था गरेको छ र उनीहरुको निश्चित काम, कर्तव्य तथा अधिकारहरु कानूनत व्यवस्था गरिएको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सघंका पदाधिकारीहरुलाई उनीहरुको काम कर्तव्य र जिम्मेवारी बोध गराई कार्यदक्षता अभिबृद्धि गर्न र विद्यालय सुचारु रुपले संचालन गर्ने गराउने महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नका लागि विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरुको आवश्यकता पर्दछ । यही आवश्यकतालाइ मध्यनजर गरेर चालु आव २०७९।०८०मा देशका सबै सामुदायिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरूका दुईदिने क्षमता विकास कार्यक्रम सञ्चालन गर्न लागिएको छ ।

क्षमता विकास कार्यक्रमका लागि स्थानीय तहमा २७९०६ विद्यालयका लागि जम्मा ५५८१२ जना सहभागी हुने गरी ५५८१२०००। पाँच करोड अन्ठाउन्न लाख बाह्र हजार रकम स्थानीय तहमा वित्तिय हस्तान्तरण भएको छ ।

विनियोजित बजेट अप्राप्त भएमा स्थानीय तहबाट बजेटमा साझेदारी गर्न सकिने व्यवस्था शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसार स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा उल्लेख भएको छ । उक्त कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्याउने उद्देश्यले यो सहजीकरण पुस्तिका विकास गरिएको हो । यो तालिम पुस्तिका स्थानीय तहबाट तालिम सञ्चालन गर्दा प्रयोग हुने अपेक्षा गरिएको छ ।

## २ तालिम अवधि : दुई दिन

## ३ तालिमका सहभागीहरू

प्रत्येक सामुदायिक विद्यालयबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जना शिक्षक अभिभावक सङ्घका अध्यक्ष १ जना गरी २ जना

## ३ तालिम सञ्चालन गर्ने :

स्थानीय तह

## ४ तालिम सञ्चालनका उद्देश्यहरू:

क विद्यालय  गुणस्तरीय सिकाइ केन्द्रको रूपमा विकास गर्न विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघले निर्वाह गर्नुपर्ने भूमिका स्पष्ट गर्ने ।

ख विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घलाइ शिक्षासम्बन्धी नीतिगत व्यवस्था र सङ्घीय एवम् स्थानीय तहका कानूनले तोकेका काम कर्तव्य र अधिकारको बारेमा जानकारी दिन ।

ग विद्यालयमा सँघ प्रदेश र स्थानीय तहबाट शिक्षा लक्षित कार्यक्रम कार्यान्वयनको  विधि पद्दति र प्रक्रियाबारे बताउन ।

घ विद्यालयको वर्तमान अवस्थाको विष्लेषण गर्न विद्यालय सामाजिक परीक्षणका स्वमूल्याङ्कनका सूचक जानकारी लिन र  प्रयोग गर्न  .

ङ विद्यालयका आवश्यकता पहिचान गरी सूचीकृत गर्न र सरोकारवालासँग सञ्चार गर्न ।

च विद्यालयमा गर्नुपर्ने सुधारका लागि बन्ने विद्यालय सुधार योजना  निर्माण र कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घको भूमिका पहिचान गर्न ।

छ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठक सञ्चालन माइन्युट गर्ने विषय कार्यान्वयन एवम् समीक्षा सामाजिक परीक्षण लगायतका विषयमा सहजीकरण गर्न ।

## ५ तालिममा समावेश गरिएका प्रमुख विषयहरू

पहिलो दिन

| सेसन | लाग्ने समय | सेसनका विषयहरू |
|---|---|---|
| सेसन १ | ६० मिनेट | क  परिचयात्मक कार्यक्रम<br><br>ख तालिम सञ्चालन विधि प्रक्रिया  र उद्देश्य<br><br>ग हामी कस्तो विद्यालय बनाउन चाहन्छौ ? सहभागीहरूको चाहना संकलन |
| सेसन २ | १२० मिनेट | क  विद्यालय शिक्षासम्बन्धी सँघीय एवम् स्थानीय तहका नीतिगत व्यवस्था<br><br>ख शिक्षा ऐन नियमावली एवम् स्थानीय तहबाट तोकिएका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघलाइ तोकिएका काम कर्तव्य र अधिकार<br><br>ग  कार्यजिम्मेवारीका आधारमा गर्नुपर्ने कार्यको सूची तयारी |
| सेसन ३ | ९० मिनेट | क विद्यार्थी सहयोग कार्यक्रम (स्काउट{, बालक्लव{, दिवा खाजा{,  स्यानिटरी प्याड, छात्रबृति आदि )<br><br>ख विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन विधि पद्दति र प्रक्रिया |

दोस्रो दिन

| सेसन | लाग्ने समय | सेसनका विषयहरू |
|---|---|---|
| सेसन १ | ९० मिनेट | क विद्यालयमा हुने शिक्षण सिकाइ क्रियाकलाप (पढाइहुने विषय)<br><br>ख विद्यालय शिक्षण सिकाइ सुधारमा विव्यस र शिअसँको भूमिका |
| सेसन २ | ९० मिनेट | क विद्यालय सामाजिक परीक्षण<br><br>ख विद्यालय सुधार योजना |
| सेसन ३ | ७० मिनेट | • आचारसंहिता विकास र कार्यान्वयन<br>• बैठक सञ्चालन<br>• कार्ययोजना निर्माण<br>• समापन |

**विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि क्षमता विकास कार्यक्रमको परिचय**

| दिनः पहिलो | सत्रः पहिलो | समयः १ घण्टा |
|---|---|---|

## १.परिचय

नेपालको संविधान २०७२ जारी भएसँगै विद्यालय शिक्षाको व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहबाट सम्पादन हुँदै आएको छ । स्थानीय तहको नेतृत्वमा विद्यालय व्यवस्थापनमा मूलत विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सँघ क्रियाशील छन भने विद्यालयको शैक्षिक नेतृत्व विद्यालयका प्रधानाध्यापक व्यवस्थापन समितिको सदस्य सचिव र शिक्षक अभिभावक सङ्घको सदस्यको रूपमा क्रियाशील छन । चालु आव २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहमा वित्तिय हस्तान्तरण भएको क्षमता विकास कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउने उद्देश्यले यो सहजीकरण पुस्तिका तयार पारिएको हो । दुइदिनसम्म सञ्चालन हुने क्षमता विकास कार्यक्रममा पहिलो सत्र सञ्चालनका लागि सहयोग पुगोस भन्ने उद्देश्यले यो सत्र तयार गरिएको हो ।

**२. उद्देश्यः** यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्।

क) सहभागीहरू एक आपसमा परिचत हुन ।

ख) तालिममा समावेश भएका विषयवस्तुको जानकारी लिन ।

ग) तालिम सञ्चालनका विधि पद्दति र प्रक्रियाका विषयमा परिचित हुन ।

घ) हामी कस्तो विद्यालय बनाउन चाहन्छौ ? सहभागीहरूको चाहना संकलन संकलन गर्न ।

## ३. विषयवस्तु

- परिचयात्मक कार्यक्रम
- तालिम सञ्चालन विधि प्रक्रिया र उद्देश्य
- हामी कस्तो विद्यालय बनाउन चाहन्छौ ? सहभागीहरूको चाहना संकलन

## ४. सामग्री

- तालिम कार्यक्रमको व्यानर
- तालिमका विषयवस्तु (सहभागी सङ्ख्याका आधारमा प्रिन्ट प्रति)
- मेटाकार्ड, न्यूजप्रिन्ट र साइनपेन।

## ५. सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : उदघाटन एवम् कार्यक्रमको जानकारी (२० मिनेट )**

- प्रशिक्षकबाट सहभागीहरू सबैलाइ एकमुष्ठ रूपमा स्वागत सहित आशन ग्रहण गराउने ।
- तालिमको उद्धाटन स्थानीय तहको प्रमुख वा उपप्रमुख वा तालिम सञ्चालन भएको वडाध्यक्षबाट व्यानर पढेर वा परिवेश अनुसार अन्य विकल्प अनुसार उदघाटन गर्न लगाउने ।
- तालिमका सहभागीहरूलाइ एक आपसमा परिचय गराउने ।
- प्रशिक्षकबाट तालिमको उद्देश्य ( सहजीकरण पुस्तिकाको पेज न मा लेखिए अनुसार) प्रस्तुत गर्ने ।

**क्रियाकलाप नं. २ : सहभागीहरूको चाहना एवम् अपेक्षा संकलन (४० मिनेट )**

- प्रशिक्षकबाट सहभागीहरू अध्यक्ष एवम् पदाधिकारीहरूले पुर्याएको योगदानप्रति एकमुष्ठ रूपमा सम्मान व्यक्त गर्ने ।
- सहभागी विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक सँघका अध्यक्ष एवम् सदस्यलाइ पालैपालो आफ्नो विद्यालय कस्तो होस भन्ने चाहना राख्नु भएको छ र आफ्नो भूमिका कस्तो होस भन्ने चाहना गर्नु भएको छ ? भन्ने प्रश्न उठान गर्ने र सहभागीहरूबाट प्राप्त भएको जवाफका प्रमुख बुँदाहरू लेख्ने वा लेख्न लगाउने ।
- सहभागीहरूलाइ प्राप्त दूरदृष्ठिलाई सम्मान व्यक्त गर्दै दुइदिने तालिममा समावेश हुने विषयवस्तुको प्रस्तुती गर्ने ।
- विषयवस्तु मूलत यसै विषयलाइ समावेश गर्ने तर यस विषयमा यस अगाडि तालिम सञ्चालन भएको वा सहभागीले थप विषयमामा तालिमको चाहना गरेको अवस्थामा ती विषयवस्तु समेत समावेश गरेर तालिमका विषयवस्तु अन्तिमीकरण गर्ने अन्थ ।

**६. प्रतिविम्वनः**

- सत्रमा भएका विषयवस्तुको शारांश रूपमा बताउदै प्रश्नावलीका माध्यमबाट सहभागीको सिकाइ अवस्थावारे जानकारी गराउने ।

**विद्यालय व्यवस्थापन सम्बन्धी नीतिगत एवम् कानूनी व्यवस्था**

**दिनः पहिलो सत्रः दोस्रो समयः २ घण्टा ००मिनेट**

**१.परिचय**

नेपालको संविधान २०७२ जारी भएसँगै विद्यालय शिक्षाको व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहबाट सम्पादन हुँदै आएको छ । स्थानीय तहको नेतृत्वमा विद्यालय व्यवस्थापनमा मूलत विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सँघ क्रियाशील छन भने विद्यालयको शैक्षिक नेतृत्व विद्यालयका प्रधानाध्यापक व्यवस्थापन समितिको सदस्य सचिव र शिक्षक अभिभावक सङ्घको सदस्यको रूपमा क्रियाशील छन । विद्यालय व्यवस्थापनका सन्दर्भमा भएका नीतिगत व्यवस्था र कानूनी विषयमा जानकारी गराउने उद्देश्यले यो सत्र तयार गरिएको हो ।

**२. उद्देश्यः** यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्।

क विद्यालय शिक्षासम्बन्धी संवैधानिक नीतिगत एवम् कानूनी प्रावधानबारे जानकारी दिने ।

ख विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघका लागि स्थानीय तहबाट तोकिएका जिम्मेवारी पहचान गर्ने ।

ग कानूनी एवम् नितिगत व्यवस्थाका आधारमाविद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघले गर्नुपर्ने कार्यको सूची बनाउन ।

**३. विषयवस्तु**

- विद्यालय शिक्षासम्बन्धी नीतिगत व्यवस्था
- वि व्य स र शि अ सँ लाइ कानूनले तोकेको कार्य जिम्मेवारी
- विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघले गर्नुपर्ने कार्यहरू

**४. सामग्री**

- तालिमका लागि नियमित सामग्री मेटाकार्ड, न्यूजप्रिन्ट र साइनपेन।
- शिक्षा ऐन नियमावली

## ५. सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं. १ : शिक्षासम्बन्धी संबैधानिक व्यवस्था जानकारी (१० मिनेट )**

- प्रशिक्षकले सहभागीहरूलाइ नेपालको संबिधान २०७२ ले बालबालिकाहरूको शिक्षासम्बन्धी के कस्तो व्यवस्था गरेको छ होला भनेर खुला प्रश्न राख्ने ।
- सहभागीहरूबाट प्राप्त भएको भनाइलाइ सम्मान व्यक्त गर्दै संविधानको धारा ३१ सम्बन्धीदेहायको व्यवस्था पावरप्वाइन्ट प्रस्तुती मार्फत वा लेखेर देखाउने र आवश्यकतासम्बन्धी छलफल गराउने ।

> (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
> (२) प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
> (३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ
> (४) दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

- संबिधानले व्यवस्था गरे बमोजिम यस गाउ वा समुदायका बालबालिकाहरूको पढन पाउने हकको कार्यान्वयन गर्ने दायित्व वि व्य स र शि अ सँ मा रहेको विषय जानकारी गराउदै क्रियाकलापको अन्त्य गर्ने ।

**क्रियाकलाप नं. २ : विद्यालय सञ्चालनसम्बन्धी कानूनी व्यवस्थाको जानकारी (१० मिनेट )**

- प्रशिक्षकबाट सहभागीहरू संबिधानमा भएको व्यवस्था पछि विद्यालय सञ्चालनका लागि कुन कुन कानूनले व्यवस्था गरेको छ ? भन्ने प्रश्न खुला रूपमा राख्ने ।
- सहभागीबाट प्राप्त भएको जानकारी जोड्दै विद्यालय शिक्षामा विशेषत देहाय बमोजिमका कानूनहरू क्रियाशील रहेको जानकारी गराउने ।

> **स्थानीय सरकार सञ्चालन ऐन, २०७४**
> **शिक्षा ऐन, २०२८ (संसोधन सहित)**
> **शिक्षा नियमावली, २०५९(संसोधन सहित)**
> **अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५**
> **अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७**
> **स्थानीय तहबाट जारी भएका ऐन नियम कार्यविधि निर्देशका**

**क्रियाकलाप नं. ३ : स्थानीय सरकार सञ्चालन ऐनको प्रावधानबारे जानकारी (१० मिनेट )**

प्रशिक्षकबाट सहभागीहरू सबैलाइ नेपालको संविधानको प्रावधान बमोजिम विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा रहेको जानकारी गराउने र वि व्य स र शि अ सँ लाइ तोकिएको कार्यजिम्मेवारीले संविधानले व्यवस्था गरेको विषय कार्यान्वयनमा सहज पुग्ने विषय उजागरण गर्ने ।

- संविधानमा भएको व्यवस्था बमोजिमको संबैधानिक प्रावधान कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) (ज) ले गरेको व्यवस्था पावरप्वाइन्ट प्रस्तुती वा लेखेर देखाउने ।

**स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन २०७४ व्यवस्था गरेका कार्यहरू**

१.प्रारम्भिक बाल विकास तथा शिक्षा,आधारभुत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक निरन्तर सिकाई,सामुदायिक सिकाइ र विशेष शिक्षा
सम्बन्धि निति,कानुन,मापपदण्ड,योजना
तर्जुमा,कार्यानवयन,अनुगमन,मूल्यँाङ्कन र नियमन,
२.सामुदायिक, संस्थागत गुठि र सहकारी विद्यालय, स्थापना ,अनुमति,संचालन,व्यव्सथापन तथा नियमन,
३.प्राविधिक शिक्षा तथा व्यव्सायिक तालिमको योजना तर्जुमा,
संचालन, अनुमति,अनुगमन,मुल्याङ्कन र नियमन,
४.मातृभाषामा शिक्षा दिने विद्यालयहरुको सम्पति व्यवस्थापन,
५.गाभिएका वा बन्द गरिका विद्यालयहरुको सम्पति व्यवस्थापन,
६.गाउँ तथा नगर शिक्षा समिति गठन तथा वयवस्थापन,
७.विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
८.विद्यालयको नामाकरण,
९. सामुदायिक विद्यालयको जग्गाको सवामित्व,सम्पतिको अभिलेख,संरक्षण र व्यवस्थापन,
१०.विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठयसामग्रीको वितरण,
११.सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दि मिलान ,
१२.विद्यालयको नकसाङ्कन,अनुमति,स्विकृति,समायोजन तथा नियमन,
१३.सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण,मर्मत सम्भार,सञ्चालन र व्यवस्थापन,
१४.आधारभुत तहको परीक्षा सञ्चालन,अनुगमन तथा व्यवस्थापन ,
१५.विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. निशुल्क शिक्षा,विद्यार्थी प्रोतसाहन तथा छात्रवृतिको व्यवस्थापन,
१७.टयूसन,कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८.स्थानियस्तरको शैक्षिक ज्ञान,सिप र प्रविधिको संरक्षण, प्रवर्दधन र स्तरिकरण,
१९. स्थानिय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय तथा व्यवस्थापन,
२१.सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन ,विद्यालयको आय वययको लेखा
अनुशासन कायम,अनुगमन र नियमन,

२२.शिक्षण सिकाई शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
२३.अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

**क्रियाकलाप नं. ४ : विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघलाइ कानूनले तोकेका कामहरू (४० मिनेट )**

- प्रशिक्षकले सबै तालिमका सहभागीहरूलाइ तपाइहरू कुन कानून अनुसार समितिको पदाधिकारीहरू हुनु भएको हो र यहाँहरूले कुन कानूनअनुसार काम गर्दै हुनुहुन्छ ? भन्ने प्रश्न राख्ने र तालिमका कम्तीमा ४ जनाको विचार बुझ्ने
- ४ जनाको विचार बुझ्ने क्रममा सकेसम्म समावेशी सिद्धान्तका आधारमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघलाइ जिम्मेवारी दिने ।
- समय व्यवस्थापन गर्दै थप कसैले वचार राख्न चाहेमा अवसर प्रदान गर्ने ।
- शिक्षा ऐन नियमावलीले तोकेको काम कर्तव्यको प्रस्तुती सहभागीतामूलक ढंगबाट गर्न लगाउने

विद्यालय व्यवस्थापन समितिलाइ तोकिएका कार्यहरू

शिक्षा ऐन २०२८ (संसोधन सहित) ले तोकेका काम कर्तव्य र अधिकार
(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराई राख्ने,
(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र शिक्षा विकास तथा समन्वय इकाईलाई दिने,
(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,
(च) शिक्षा विकास तथा समन्वय इकाईबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,
(छ) शिक्षा विकास तथा समन्वय इकाईबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,
(ज) लेखा परीक्षकको प्रतिवेदन अनुसार कारवाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्ने,
(झ) जिल्ला शिक्षा समिति र शिक्षा विकास तथा समन्वय इकाईले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,
(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,
(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

शिक्षा नियमावली अनुसर शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,
(ख) यस नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,
(ग) विद्यालयको शैक्षिक गतिबिधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने ।

शिक्षा नियमावली २०५९ ले सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने ,
(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,
(ग) शिक्षकलाई तालिमको लागि छनोट गर्ने,
(घ) तालिममा जाने शिक्षकलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा सर्तहरु निर्धारण गरी कबुलियतनामा गराउने,
(ङ) शिक्षकहरुको सेवाको सुरक्षा र सम्बद्र्धन गर्ने,
(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने र त्यसरी नियुक्त गर्दा शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब, भत्ता खुवाउने,
(छ) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएका मितिले पन्ध्र दिनभित्र शिक्षा विकास तथा समन्वय इकाईमा लेखी पठाउने,
(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारीउपर आवश्यक कारवाही गर्ने तथा आवश्यकताअनुसार आफ्नो राय सहितको प्रतिवेदन कारवाहीको लागि शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने,
(झ) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न,े
(ञ) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,
(ट) विद्यार्थीहरुको पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,
(ठ) शिक्षकहरुको अभिलेख अध्यावधिक गराइराख्ने,
(ड) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,
(ढ) शिक्षकलाई गरिएको विभागीय कारबाहीको जानकारी इकाई प्रमूख समक्ष जानकारी पठाउने,
(ढ) शिक्षकलाई गरिएको विभागीय कारबाहीको जानकारी शिक्षा विकास तथा समन्वय इकाई प्रमुख समक्ष पठाउने,

(ढ१) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि शिक्षा विकास तथा समन्वय इकाई प्रमुख समक्ष सिफारिस गर्ने,

(ढ२) विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(ण) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्तिको रकम सोधभर्नाको लागि सम्बन्धित निकायमा माग गर्ने,

(त) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

**शिक्षक अभिभावक सँघलाइ तोकिएका कार्यहरु**

शिक्षा नियमावली अनुसर शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा विद्यालयलाई आवश्यक

(ग) विद्यालयको शैक्षिक गतिबिधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने ।

- स्थानीय तहबाट कुनै थप कार्यजिम्मेवारी तोकिएको अवस्थामा सो समेत बताउने ।

स्थानीय तहबाट तोकिएका काम कर्तव्य एवम् अधिकार

**क्रियाकलाप नं. ५ विद्यालयमा गर्नुपर्ने गर्नुपर्ने कार्यहरूको प्राथमिकता सूची बनाउने (३० मिनेट )**

- प्रशिक्षकले सहभागीहरूको ध्यानाकर्षण गर्दै कानूनले तोकेका कामहरू यहाँहरूले हेर्नुभयो । यहाँहरूको विद्यालयहरू सबै एकैनाशका छैनन । समस्याहरू पनि फरक फरक खालका छन । यी कानूनले तोकेका कार्यहरूका आधारमा यहाँहरूले प्राथमिकताका साथ गर्न सक्ने कुनै पाँचवटा कामहरू विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघलाइ छुट्टाछुट्टै लेख्न अनुरोध गर्ने । लेख्न लगाउदा कुनै सहभागीले लेख्न नसक्ने अवस्था भएमा अरूको सहयोग लिने अर्थात आफेले सहजीकरण गर्ने अर्थात अवस्था अनुसार मौखिक रूपमा तालिम कक्षमा प्रस्तुत गर्ने अवसर प्रदान गर्ने ।
- सबैले लेखिसकेपछि प्रस्तुतीका लागि समय व्यवस्थापन हुनेगरी तालिम कक्षमा एउटा नियम बनाउने ।उदाहरणका लागि सहभागी सङ्ख्याका आधारमा कागजका साना साना टुक्रा बनाउने । ती कागजका टुक्रा मध्ये हुने ३ वटामा ठीक चिन्ह लगाउने र अन्यमा खाली राख्ने । एक पटक विद्यालय व्यवस्थापन समितिका तर्फबाट सहभागी भएकाहरूलाइ मात्र कागजका टुक्रा तान्न लगाउने । जस जसले ठीक चिन्ह लगाएको टुक्रा

तान्नु भएको छ । तिनीहरूलाइ आफुले तयार गर्नुभएको प्राथमिकताका कामहरू भन्ने अवसर प्रदान गर्ने । यो क्रम सकिएसँगै शिक्षक अभिभावक सँघबाट सोही प्रक्रयाबाट सहभागी छनोट गरी प्रस्तुतीको अवसर प्रदान गर्ने ।

**क्रियाकलाप नं. ६ विद्यालय व्यवस्थापन समितिबाट भएका असल अभ्यासहरू समयः १५ मिनेट**

सहजकर्ताबाट देशभर २७ हजारभन्दा बढी सामुदायिक विद्यालय भएको दृटान्त बताउदै विद्यालयमा व्यवस्थापन समितिका फरक फरक अभ्यास हुदै आएका छन ।विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघका प्रयासबाट विद्यालय परिवर्तन भएका सयौ उदाहरणहरू यत्रतत्र पाइन्छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नमुनाका लागि छनोट भएकमा विद्यालयहरू वा अन्य उत्कृष्ट नतिजा ल्याउने विद्यालयका अभ्यासबारे जानकारी गराउने उद्देश्यले यो क्रियाकलाप तय गरिएको छ ।सहभागी भएकै विद्यालय वा अन्य विद्यालयबाट देहायको ढाँचामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाइ प्रस्तुत गर्न लगाउने ।

क विद्यालयको नाम ठेगाना र अध्ययनरत विद्यार्थी सङ्ख्याः
ख विद्यालयको पहिलेको अवस्थाः
ग विद्यालय व्यवस्थापन समितिबाट भएको पहलकदमी लगानी :
घ परिवर्तित नतिजा
ङ काम गर्दै गर्दाको अवस्थाका सिकाइ :

**५. प्रतिविम्वनः ५ मिनेट**

- सत्रमा भएका विषयवस्तुको शारांश रूपमा बताउदै प्रश्नावलीका माध्यमबाट सहभागीको सिकाइ अवस्थावारे जानकारी लिने ।
- प्रशिक्षकले यस सत्रमा बोल्ने अवसर नपाएकाहरूलाइ अवसर दिदै केही प्रश्नहरू सोध्ने
  - विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघ कुन कानून अनुसार बनेको हो ?
  - शिक्षा ऐन नियमले तोकेका कुनै ४ वटा कार्यजिम्मेवारी बताउनु होस ।
  - विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघको पदाधिकारीका नाताले कानूनले तोकेको कार्यजम्मेवारी अनुसार के काम गर्ने सोच बनाउनु भएको छ ?

**दिनः पहिलो सत्रः तेस्रो समयः १ घण्टा ३०मिनेट**

## विद्यार्थी सहयोग कार्यक्रम

१) **परिचयः** शिक्षा पाउने हकको संबैधानिक मौलिक हकको कार्यान्वयनका माध्यमबाट वालवालिकाको सर्वतोमुखी विकासका लागि विद्यालयहरू सञ्चालन भएका छन । विद्यालयमा सिकाइ वातावरण तयार गर्ने प्रमुख दायित्व विद्यालयको हो । विद्यालयमा गुणस्तरीय सिकाइका लागि सहयोग गर्न विद्यालय व्यवस्थापन समिति र समुदायमा बालबालिका अभिभावक र शिक्षक बीचमा अन्योन्याश्रित समबन्ध कायम गरी गुणस्तरीय शिक्षाका लागि सहयोग गर्नशिक्षक अभिभावक सँघको गठन भएको छ ।बालबालिकाहरूको सिकाइलाइ योजनबद्ध रूपमा अगाडि बढाउनका लागि सँघीय सरकार, प्रदेश सरकार, स्थानीय तह सँघ संस्था अभिभावकहरूले विद्यार्थी केन्द्रित सहयोग उपलब्ध गराइरहेका छन । विद्यार्थी सहयोग कार्यक्रम मूलत आवश्यकतामा आधारित छन । विद्यालयको नेतृत्वले विद्यार्थी सहयोग कार्यक्रमलाइ सही अर्थमा बुझ्न सकेन भने यसबाट आशातीत उपलब्ध हासिल गर्न सकिदैन यस अर्थमा यस सत्रमा विद्यालय शिक्षामा विद्यार्थीका लागि सहयोग पुर्याउने उद्देश्यले सञ्चालित प्रमुख विद्यार्थी केन्द्रित सहयोग कार्यक्रमलाइ कुन रूपमा सञ्चालन गर्ने भन्नेमा केन्द्रित रहनेछ ।

२) **उद्देश्यः**

यस सत्रको अन्त्यमा प्रशिक्षकहरूमा देहाय बमोजिमको सक्षमता हासिल हुनेछ ।

- विद्यालय शिक्षामा विद्यार्थी केन्द्रित कार्यक्रमको सूची तयार गर्न ।
- विद्यार्थी केन्द्रित सहयोग कार्यक्रमको उपादयेता बताउन ।
- विद्यार्थी केन्द्रित सहयोग कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थपन समितिको भूमिका पहिचान गर्न ।

३) **सामग्री**

यस सत्र सञ्चाललनका लागि प्रशिक्षकले देहाय बमोजिमको सामग्रीको व्यवस्था मिलाउनु पर्नेछ ।

- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ (चालु आर्थिक वर्ष )
- दिवा खाजा व्यवस्थापनसँग सम्बन्धित निर्देशिका
- छात्रबृति व्यवस्थापन निर्देशका
- स्यानिटरी प्याड व्यवस्थापन निर्देशका

४) **मुख्य विषयवस्तुः**

- विद्यार्थी सहयोग केन्द्रित प्रमुख कार्यक्रम
- कार्यक्रम सञ्चालनका विधि प्रक्रिया र पद्दति
- अपेक्षित नतिजा
- रिपोर्टिङ्ग

५) **सहजीकरण प्रक्रियाः**

**क्रियाकलाप न १ : विद्यार्थी सहयोग कार्यक्रम र लक्षित समूहको सूची**

**समयः १० मिनेट**

प्रशिक्षक साथीहरू
विद्यालय शिक्षामा करीव ८० लाख विद्यार्थीहरू अध्ययनरत छन । संबिधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको शिक्षाको सहज पहुँच स्थापित गर्नका लागि पैतीस हजार भन्दा बढी विद्यालयहरू सञ्चालनमा रहेका छन । विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरूको पृष्ठभूमि फरक फरक छ । फरक फरक आवश्यकता र पृष्ठभूमिलाइ सम्मान गर्दै सबै बालबालिकाका लागि अनुकुल सिकाइ वातावरण तयार गर्नका लागि विद्यार्थीका लागि सहयोगी कार्यक्रम तयार भएका छन । यस तालिम कार्यक्रमका सहभागीहरूको जानकारीका आधारमा विद्यार्थी सहयोग कार्यक्रम कुन कुन रहेका छन । सो को सूची सामुहिक रूपमा तयार गर्न प्रोत्साहन गर्नुहोस । देहायको ढाँचामा कुनै एक सहभागीलाइ टिपोट गर्न र अरू सहभागीलाइ बताउन लगाउनुहोस ।

विद्यार्थी सहयोग कार्यक्रम

| क्र स | विद्यार्थी सहयोग कार्यक्रम | लक्षित समूह |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**क्रियाकलाप न २ : विद्यार्थी सहयोग कार्यक्रम र लक्षित समूहको सूची समयः २० मिनेट**
क्रियाकलाप न १ अनुसार तयार भएको सूची कत्तिको अद्यावधिक भएको छ ? प्रशिक्षकले स्लाइड प्रस्तुत गर्दै सहभागीलाइ अध्ययन गर्न लगाउनु होस ।

विद्यार्थी सहयोग कार्यक्रम

| क्र स | विद्यार्थी सहयोग कार्यक्रम | |
|---|---|---|
| १ | **कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान** | |
| २ | **प्रारम्भिक बालबिकास देखि कक्षा ६ सम्मका विद्यार्थीलाइ दिवा खाजा**<br>साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।— का दरले तथा अन्यमा प्रति विद्यार्थी दैनिक रू. १५।— का दरले प्रतिविद्यार्थी वार्षिक रूपमा १८० दिन | |

| | | |
|---|---|---|
| | चार जिल्ला अछाम दार्चुला बझाङ्ग बाजुरामा बस्तुगत सहयोगमा आधारित दिवा खाजा उपलब्ध भइरहेको छ । | |
| ३ | निःशुल्क सेनिटरी प्याड वितरण<br>सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ का आधारमा वितरण गरने | |
| ४ | आवाशीय छात्रवृत्ति | |
| | मुक्त कम्लहरी छात्रवृत्ति (आवासीय) | |
| | अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय) | |
| | फिडर छात्रावासमा अध्यनरत छात्रालाई छात्रवृत्ति (आवासीय) | |
| | सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्यनररत छात्रछात्रालाई छात्रवृत्ति (आवासीय) | |
| | हिमाली आवासीय छात्रवृत्ति | |
| | विद्यालयमा अध्ययनरत अति सीमान्तकृत समुदायका विद्यार्थीका लागि आवासीय छात्रवृत्ति | |
| | सडक बालबालिका तथा बालश्रमिकका लागि आवासीय शैक्षिक प्रबन्धका लागि छात्रवृत्ति | |
| | HIV प्रभावित वालवलिका तथा वादी समुदायका विद्यार्थीका लागि आवासीय प्रवन्ध | |
| ५ | गैर आवाशीय छात्रबृति | |

| | | |
|---|---|---|
| | छात्रा छात्रवृत्ति कक्षा १-८ कर्णाली प्याकेज समेत (गैर आवासीय) | क) मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाको हकमा १-५ मा अध्ययनरत छात्राहरूका लागि वार्षिक रू .१०००। (एक हजार) र कक्षा ६-८ मा अध्ययनरत छात्राहरूका लागि वार्षिक रू .१५००। (एक हजार पाँच सय) का दरले ।<br>ख) अन्य जिल्लाको हकमा प्रति विद्यार्थी वार्षिक रू ४००।- का दरले । |
| | दलित छात्रवृत्ति कक्षा १-८ (गैर आवासीय) | प्रति विद्यार्थी वार्षिक रू ४०० । |
| | **विपन्न लक्षित छात्रवृत्ति (PPTS)** | **विपन्न लक्षित छात्रवृत्ति कार्यान्वनयन मापदण्ड, २०७८ मा उल्लिखित आधार र प्रक्रिया बमोजिम छात्रवृत्ति वितरण गरिने** |
| | **आधारभूत तहमा अध्ययनरत लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति** | नेपाल सरकारद्वारा घोषित अति सीमान्तकृत, लोपोन्मुख जातजाति **तथा सीमान्तकृत समूह लगायत** मुसहर, चेपाङ, राउटे, डोम, दुसाद, बनकरिया, कुसुन्डा, हायु, किसान, कुसबाडिया, लेप्चा, मेचे, राजी, सुरेल, बरामु, बोटे, दनुवार, धानुक, झाँगड, लोहमी, माझी, सतार/सन्थाल, सियार, थामी, थुडाम, बादी एवम् मुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | कमैया, वादी, हलिया, चरूवा तथा कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्राका लागि आधारभूत तह (कक्षा १-८) मा अध्ययनरत विद्यार्थी सङ्ख्या यकिन गरी प्रति विद्यार्थी वार्षिक रू ५ सयका दरले विद्यालयमा अनुदान उपलब्ध गराउने | |
| | | आधारभूत तहमा अध्ययनरत लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक रू ५०० । | |
| | | मुक्त कम्लहरीका लागि छात्रवृत्ति गैर आवासीय | • आधारभूत तह (कक्षा १-८)का लागि प्रति विद्यार्थी मासिक रू १५०/- का दरले १० महिनाको वार्षिक रू १,५००/-<br>• माध्यमिक तहको छात्रवृत्ति (कक्षा ९-१०) का लागि प्रति विद्यार्थी मासिक रू १८०/- का दरले १० महिनाको वार्षिक रू १,८००/-<br>• माध्यमिक तहको छात्रवृत्ति (कक्षा ११-१२) का लागि प्रति विद्यार्थी मासिक रू ५००/- का दरले १० महिनाको वार्षिक रू ५,०००/- | |
| | | अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | **सहयोगी सहायता सेवा छात्रवृत्ति (गैर आवासीय)**ः घरबाट आउँदा जाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएकालाई प्रति विद्यार्थी प्रति महिना रू.५००।- का दरले १० महिनाको लागि रू.५,०००।-<br>,<br>३. **यातायात सेवा छात्रवृत्ति (गैर आवासीय)**ः घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रू.३००।- का दरले १० महिनाका लागि रू.३,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | | ४. **शैक्षिक सामग्री छात्रवृत्ति (गैर आवासीय)**ः घरबाट विद्यालयसम्म आउन जान सक्ने अवस्थाको अपाङ्गता भएका लाई प्रति विद्यार्थी प्रति महिना रू.१००।- का दरले १० महिनाको रू.१,०००।- | |
| | | | | |

- यी बाहेकका विद्यालयमा सञ्चालनमा रहेका बालक्लव स्काउट अथवा अन्य कुनै भएमा सो समेत बताउने ।
- विद्यार्थीहरूका लागि लक्षित गरेर शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास एवम् प्रकाशन गरिएको सिकाइ चौतारी Leaning Portal को प्रयोग सम्बन्धी जानकारी गराउने ।
- विद्यार्थीका लागि हुने प्रत्यक्ष सहयोग र विद्यालयमा प्राप्त हुने बजेटको मूल स्रोत विद्यालय तहको शैक्षिक सूचना व्यवस्थापन प्रणाली(Integrated Educational Information Management System IEMIS) भएको विषय सहजकर्ताले बताइदिने ।
- यसका अलावा स्थानीय तह र प्रदेश सरकारबाट सञ्चालन गरिएका कार्यक्रम बताउने ।

**क्रियाकलाप न २ : विद्यार्थी सहयोग कार्यक्रम सञ्चालनमा विद्यालय व्यवस्थापन समितिको भूमिका**
**समयः २० मिनेट**

- प्रशिक्षकले तयार भएको विद्यार्थी सहयोग कार्यक्मको सूची आधारमा ४ जना प्रशिक्षार्थीलाइ (दुई जना वि व्य स र दुईजना शिअसँ)अगाडि बोलाउने र प्यानलमा राख्ने
- चार जना प्यानलिष्ट सहभागी छान्दा कम्तीमा एक जना महिला सहभागीता गराउने ।
- चार जना सहभागीलाइ कम्तीमा एक एक वटा विद्यार्थी सहयोग कार्यक्रमको वि व्य स र शिअसँको भूमिकाका विषयमा प्रश्न सोध्ने ।
- तालिम कक्षमा भएका अन्य समेतलाइ प्रश्न सोध्न समय दिने ।
  अन्त्यमा प्रशिक्षकले विद्यार्थी सहयोग कार्यक्रमको उपादयेताका विषयमा विद्यार्थीको अवस्था फरक फरक हुने र कतिपय विद्यार्थी हरू आर्थिक अवस्था नाजुक हुने हुँदा पढाइलाइ निरन्तरता दिन नसक्ने र कतिपयको घर नजिक अनुकुल विद्यालय नभएको हुँदा पठनपाठनका लागि बाहिर बस्नपर्ने अवस्था र कतिपयलाइ सिकाइ निरन्तरताका लागि थप अभिप्रेरणा दिनुपर्ने अवस्था लगायतका कारणले विद्यार्थी सहयोग उपलब्ध गराउनु परेको दृटान्त र वि व्य स र शिअसँले लक्षित समूह पहिचान र यसको उपादयेतासमेत बताउन र यसबाट सिकाइमा सुधार लयाउन पहल गर्ने जस्ता सन्दर्भ जोडदै क्रियाकलापको अन्त्य गर्ने

**क्रियाकलाप न ३ : विद्यार्थी सहयोग कार्यक्रम सञ्चालनमा गर्ने विधि प्रक्रिया  समयः २० मिनेट**

प्रशिक्षकले प्यानल छलफल पछि सहजकर्ताले विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने चरणबद्ध विधि प्रक्रियाका विषयमा प्रशिक्षार्थीको ध्यानाकर्षण गराउदै देहायको विषयमा आवश्यकता अनुसार सहजीकरण गर्ने ।

क छात्रबृति वितरणका लागि सँघीय सरकार, प्रदेश सरकार एवम् स्थानीय तहबाट स्वीकृत निर्देशिका, कार्यविधि, मापदण्ड संकलन गर्ने र सोही बमोजिम चरणबद्ध कार्यान्वयनको सुनिश्चितता गर्ने ।

छात्रबृति वितरणका तोकिएको मापदण्ड पूर्णत पालना गर्ने र वितरणका सन्दर्भमा विशेष कार्यक्रमको आयोजना गरी छात्रबृति र सिकाइको अन्तर्सम्बन्ध स्थापित गर्ने ।

ख स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, ले निर्देश गरे बमोजिम स्यानिटरी प्याड वितरण अभिलेख व्यवस्थापन र प्रतिवेदन गर्ने, प्रधानाध्यापकको हैसियतमा विद्यालयको एक महिला शिक्षकलाइ फोकल शिक्षकको रूपमा जिम्मेवारी तोक्ने र कार्यविवरणका विषयमा अभिमुखीकरण गर्ने गराउने

ग दिवा खाजा व्यवस्थापनसमन्धी निर्देशका मापदण्ड कार्यविधि र स्थानीय तहबाट तय गरेको लागत साझेदारी एवम्  सञ्चालन पद्दतिका आधारमा देहाय बमोजिमको कार्यान्वयन व्यवस्थापन गर्ने

- स्थानीय तहसँग समन्वय गरी स्थानीय तहले सबै विद्यालयका लागि एउटै मेनु तयार गरेको भएमा सोही मेनु कार्यान्वयन गर्ने ।
- दिवा खाजा व्यवस्थापनका लागि विद्यालय व्यवसथापन समितिको बैठक राख्ने खाजा व्यवस्थापन उप समिति गठन गर्ने र एक जना शिक्षकलाइ फोकल शिक्षकको कार्यजिम्मेवारी तोक्ने,
- व्यवस्थापन गर्दा दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७  आधार लिने,
- स्थानीय तहसँग समन्वय गरी स्थानीय तहका स्वास्थ्य कृषि शाखाबाट सहयोग लिने र दिवजा खजाका लागि स्थानीय कृषि उपज प्रयोगको व्यवस्था मिलाउने ।
- लागत साझेदारीका लागि सहजीकरण गर्ने,
- खाजाका लागि विद्यार्थीलाइ नगदै नदिने र विभिन्न विकल्पको उपयोग गर्ने गराउने,
- अध्ययनरत विद्यार्थी सख्याका आधारमा बढी भीडभाड नहुने गरी  विद्यालयले खाजा समय तोक्ने,
- दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने । ताजा र पोषिलो दिवाखाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने । स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विलभरपाई सुरक्षित रुपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने,
- विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमनको लागि  विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था मिलाउने ,
- दिवा खजासँग सम्बन्धित सूचना एकिकृत शैक्षिक सूचना प्ररणालीमा आबद्ध गर्ने र तोकिएको ढाँचमा प्रतिवेदन दिने ।

- दिवा खाजाको समग्र व्यवस्थापनलाइ विद्यालयमा हुने शिक्षण सिकाइ क्रिययाकलापसँग जोडने ।
- विद्यालयका शिक्षक कर्मचारीका साथैं अभिभावकहरूसँग दिवा खाजाको विषयलाइ अभिमुखीकरण गर्ने

**६ प्रतिविम्व**

**समयः ५ मिनेट**

प्रशिक्षक साथीहरू तपाइको यस सत्रमा भएको सहजीकरणले प्रशिक्षार्थीमा कस्तो सिकाइ प्रभाव पार्यो भन्ने विषयमा उपयुक्त विधि मार्फत सिकाइको प्रतिविम्व हेर्न एवम् मूल्याङ्कन गर्न सक्नुहुन्छ । उदाहरणका लागि देहायका प्रश्न सोध्न सकिन्छ ।

क विद्यालय शिक्षामा विद्यार्थीहरूलाइ शिक्षण सिकाइको अलावा थप सहयोगका लागि कुन कुन कार्यक्रम सञ्चालन गरिएको छ ?

ख विद्यार्थीका लागि थप सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनुको कारण के के होलान?

ग विद्यालयमा दिवा खाजा व्यवस्थापन कसरी हन्छ ?

घ विद्यार्थी सहयोगक कार्यक्रम सञ्चालनका कुनै दुइ विधि पद्दति बताउनु होस ।

## विद्यार्थीका लागि शिक्षण सिकाइ कार्यक्रम

**दिनः दोस्रो सत्रः पहिलो समयः १ घण्टा ३०मिनेट**

**१ परिचयः** नेपाल सरकार अन्तर्गत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार अन्तर्गको शिक्षा हेर्ने मन्त्रालय, स्थानीय तह अन्तर्गत शिक्षा युवा तथा खेलकुद मन्त्रालय, विद्यालयमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघ लगायतको संस्थागत संयन्त्र, शिक्षक कर्मचारीको व्यवस्था सबै विद्यार्थीहरूको सिकाइ सहजीकरणका लागि हो । विद्यार्थीको सिकाइमा सहयोग पुर्याउन सकिएन भने मन्त्रालय देखि विद्यालय तहसम्म खटिएका तपाइ हाम्रो उपस्थितिलाइ अर्थपूर्ण मान्न सकिदैन । त्यसैंले यस सत्रमा विद्यार्थीका लागि विद्यालयमा सञ्चालन गरिने शिक्षण सिकाइसँग सम्बन्धित विषयमा विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सँघ मार्फत सहयोग जुटाउनेमा केन्द्रित रहनेछ ।

**२ उद्देश्यः**

यस सत्रको अन्त्यमा प्रशिक्षकहरूमा देहाय बमोजिमको सक्षमता हासिल हुनेछ ।

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले व्यवस्था गरे अनुसार विद्यालयमा पठनपाठन हुने विषय बताउन ।
- विद्यार्थी मूल्याङ्कन प्रावधानबारे बताउन ।
- स्थानीय पाठ्यक्रम अन्तर्गत चलेका विषयको जानकारी आदान प्रदान गर्न ।
- सिकाइ सुधारका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघको भूमिका पहिचान गर्न ।

**३ सामग्री**

यस सत्र सञ्चालनका लागि प्रशिक्षकले देहाय बमोजिमको सामग्रीको व्यवस्था मिलाउनु पर्नेछ ।

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६
- लेटर ग्रेडिङ्ग निर्देशका
- तालिमका लागि आवश्यक पर्ने नियमित सामग्री

**४ मुख्य विषयवस्तुः**

- विद्यार्थी शिक्षण सिकाइ कार्यक्रम
- विद्यार्थी मूल्याङ्कन र स्थानीय पाठ्यक्रम
- सिकाइ सुधारका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघको भूमिका

६) सहजीकरण प्रक्रियाः

**क्रियाकलाप न १ : विद्यार्थी शिक्षण सिकाइ सहयोग कार्यक्रम समयः ३५ मिनेट**

- सहजकर्ताले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघले विद्यालयमा कुन कुन विषय पढाइ हुन्छ होला ? भन्ने खुला प्रश्न राख्ने र विषय टिपोट गर्दै जाने ।

- प्राप्त भएको जानकारीलाइ धन्यवाद दिदै यी विषय पढाउने भन्ने विषय कसले तोक्छ होला भन्ने जिज्ञासा राख्ने
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेका ढाँचा अनुसार पठनपाठन हुने विषय बताउने
- विद्यालयको तह अनुसार विषयहरू फरक हुने दृष्टान्त बताउने ।
- राष्ट्रिय पाठ्यक्रममा भएको विद्यालयको उमेरगत अवस्था बताउन देहायको संरचना बताउने
  - नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको
  - एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षा (४ वर्ष)
  - कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा (५ देखि १२)
  - कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा(१३ देखि १५ र व्याविक तर्फ १६)
- माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने
- व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ ।
- सहजकर्तालेे तोकिएको संरचना अनुसार शिक्षकहरूले पठापाठन गर्ने भएकाले सोही अनुसार जिम्मेवारी तोकिएको हुने प्रावधान बताउने ।

<u>आधारभुत तह कक्षा १ देख ३ सम्म पठन पाठन हुने विषयहरू</u>

| क्र स | विषय | साप्ताहिक पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अग्रेजी) | ४ | १२८ |
| | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियायाकलाप (सेरोफेरो) | ४ | २५६ |

| | | | |
|---|---|---|---|
| | | | |
| | मातृभाषिक सिप स्थानीय विषयवस्तुसम्बन्धी क्रियायाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६आधारमुत शिक्षा (कक्षा ४—५)

आधारभूत शिक्षा कक्षा (४—५) मा विद्यार्थीहरुलाई भाषा, गणित, विज्ञान तथा प्रविधि , सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाई क्षेत्रहरु प्रदान गरिनेछ । यस तहको पाठ्यक्रम धेरै बाझिलो नहुने गरी विकास गरिने छ । यस तहमा बालबालिकाहरुले आफ्नो मातृभाषामा सिक्ने अवसर प्रदान गर्नेछन् । यस तहमा रहने विषय पाठ्यघण्टा (क्रेडिट आवर) र बार्षिक कार्यघण्टा निम्नानुसार हुनेछन्ः

| क.सं. | विषय | पठ्यघण्टा. | बर्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली. | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा-स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

आाधारभूत शिक्षा कक्षा(६—८)

(क) साधारण शिक्षा कक्षा(६—८)

| क.सं. | विषय | पठ्यघण्टा | बर्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा-स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

द्रष्टव्यः स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, ज्ञान, सिप, प्रविधि, पेसा तथा व्यवसाय अभिमुखीकरण सम्बन्धी विषयवस्तुसमेत समेट्न सकिनेछ ।

(ख) संस्कृत-गुरुकुल-वेद विद्याश्रम शिक्षा कक्षा(६—८)

| क्र.सं. | विषय | पठ्यघण्टा | बर्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी-संस्कृत रचना | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि-संस्कृत व्याकरण | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा-कर्मकाण्ड | ५ | १६० |
| ६ | वेद तथा नीति शास्त्र | ४ | १२८ |
| ७ | संस्कृत भाषा | ३ | ९६ |
| | जम्मा | ३२ | १०२४ |

द्रष्टव्यः सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयबस्तुलाई समेत अनुकूल गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिनेछ ।

(ग) गोन्पा तथा विहार-मदर्सा शिक्षा कक्षा(६—८)

| क्र.सं. | विषय | पठ्यघण्टा | बर्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी-संस्कृत रचना | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६ | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा-उर्दु भषा | ४ | १२८ |
| ७ | स्थानीय विषय वा बौद्द शिक्षा, वा सम्भोटा व्याकरण वा अन्य ऋाचार शिक्षा (दिनियात)-कुरान(अरबिक) | ३ | ९६ |
| | जम्मा | ३२ | १०२४ |

द्रष्टव्यः सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकुल हुनेगरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिनेछ ।

(क) साधारण शिक्षा

(अ) माध्यमिक शिक्षा कक्षा(९—१०)

| क्र.सं. | विषय | पठ्यघण्टा | बर्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन | ४ | १२८ |
| ६ | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७ | ऐच्छिक द्धितीय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**क्रियाकलाप न २ : स्थानीय पाठ्यक्रमको कार्यान्वयन समय : १५ मिनेट**

सहजकर्ताले विद्यालयमा स्थानीय पाठ्यक्रमको कस्ता कस्ता विषय कार्यान्वयन भइरहेको भन्ने विषयमा सहभागी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघबाट प्रतिनिधित्व हुने गरी धारणा राख्न लगाउने र सहजकर्ताबाट परिवर्तित पाठ्यक्रमको ढाँचा अनुसार स्थीय पाठ्यक्रमको कार्यान्वयनका विषयमा सहजीकरण गर्ने ।

**क्रियाकलाप न ३ : सिकाइ सुधार ३५ मिनेट**

- सहजकर्ताले अहिलेसम्म आइपुग्दा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघलाइ नीतिनियमले तोकेका कुरा विद्यालय सञ्चालन भइरहेका विद्यार्थी सहयोग कार्यक्रम विद्यालयमा पढाइ हुने विषयहरू विद्यार्थी मूल्याङ्कन जस्ता धेरै विषयमा छलफल भएको सन्दर्भ बताउने
- लगानी हुँदा हुदैपनि विद्यार्थीको सिकाइ अवस्थामा आशा गरेजति सुधार हुन सकेको छैन । विद्यार्थीको सिकाइ अभिबृद्धि हुन नसक्नुका कारण के के होलान र सुधारका लागि के गर्न सकिएला भन्ने विषयमा एक समूह कार्य गर्न लगाउनु होस ।

  समूह कार्यको ढाँचा

| सिकाइमा सुधार नहुनाको कारण | सुधारका लागि के गर्नुपर्ला ? | समिति। सँघको भूमिका |
|---|---|---|

- समूह कार्यसँगै समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस र सबै समूहबाट प्राप्त भएका साझा विषयको सारसंक्षेपसहित क्रियाकलापको अन्त्य गर्नुहोस ।

**६ प्रतिविम्व समयः ५ मिनेट**

यस सत्रमा भएको छलफलका आधारमा सहभागीलाइ देहायका प्रश्न सोधेर सिकाइ प्रतिविम्बको मूल्याङ्कन गर्नुहोस ।

क विद्यालय तहमा लागुहुने पाठ्यक्रम पाठ्यपुस्तक कसले तोक्ने गर्दछ ?

ख विद्यालय तहमा कुन कुन विषयको पठनपाठन हुन्छ ?

ग पठनपाठनलाइ विव्यस र शिअसँले कसरी सहयोग गर्न सक्दछन ?

# विद्यालय सामाजिक परीक्षण र विद्यालय सुधार योजना

**दिनः दोस्रो सत्रः दोस्रो समयः २ घण्टा**

**१ परिचयः** हाम्रा सबै विद्यालयहरू सुशासनका लागि अनुकरणीय हुनुपर्दछ । बालबालिकाहरू र समुदायका व्यक्तिहरूले विद्यालयका प्रत्येक गतिविधि सुक्ष्म रूपमा नियाली रहेका हुन्छन । विद्यालयमा सम्पादन हुने सबै कार्यक्रमहरू विधि पद्दतिमा आधारित पारदर्शी बनाउने कार्यमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघको भूमिका महत्वपूर्ण हुन्छ । विद्यालयमा सम्पादन भएका सबै कार्यक्रमहरू यसबाट प्राप्त भएका नतिजाका विषयमा समुदायका व्यक्तिहरूले चासो राख्ने पद्दति बसेमा यसबाट एकातिर विद्यालयमा सुशासन कायम हुदै जान्छभने अर्कोतिर विद्यालयप्रति समुदायको स्वामित्व अभिबृद्धि भइ सामाजिक सुशासनका लागि सहयोग पुग्दछ । यस सत्रमा विद्यालयमा हुने सामाजिक परीक्षणका विषयहरू र सामाजिक परीक्षणले उठान गरेका विषयमा केन्द्रित रहेर विद्यालयमा सुधार गर्नुपर्ने पक्षको पहिचान हुदै विद्यालय सुधार योजना अद्यावधिक गराउने विषयमा केन्द्रित हुनेछ ।

सम्बन्धित विषयमा मार्फत सहयोग जुटाउनेमा केन्द्रित रहनेछ ।

**२ उद्देश्यः**

यस सत्रको अन्त्यमा प्रशिक्षकहरूमा देहाय बमोजिमको सक्षमता हासिल हुनेछ ।

- विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ बमोजिम सामाजिक परिक्षण हुने विधि पद्धति बताउन ।
- सामाजिक परीक्षणबाट प्राप्त भएका सूचनाका आधारमा सुधारका क्षेत्र पहिचान गर्न ।
- विद्यालयमा गर्नुपर्ने सुधारका लागि विद्यालय सुधार योजना अद्यावधिक गर्ने जानकारी प्राप्त गर्न ।
- विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघको जिम्मेवारी पहिचान गर्न ।

**३ सामग्री**

यस सत्र सञ्चाललनका लागि प्रशिक्षकले देहाय बमोजिमको सामग्रीको व्यवस्था मिलाउनु पर्नेछ ।

- विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८
- विद्यालय सुधार योजना

**४ मुख्य विषयवस्तुः**

- विद्यालय सामाजिक परीक्षण मापदण्ड
- सुधारका क्षेत्र पहिचान
- विद्यालय सुधार योजना र कार्यान्वयन

७) सहजीकरण प्रक्रियाः

**क्रियाकलाप न १ : विद्यालय सामाजिक परीक्षण मापदण्ड समयः १५ मिनेट**

- सहजकर्ताले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघका पदाधिकारीहरूलाइ कुन कुन विद्यालयमा सामाजिक परिक्षण हुने गरेको छ ? सो प्रश्न खुला रूपमा राखे र प्रतिक्रिया स्वरूप हात उठाउन लगाउने ।
- प्राप्त भएको जानकारीलाइ धन्यवाद दिदै सामाजिक परीक्षण गर्दा अपनाइएको विधि पद्दतिका विषयमा दुईजना सहभागीलाइ भन्न लगाउने र सामाजिक परीक्षण नभएको अवस्था किन सामाजिक परीक्षण भएको छैन सो को कारण भन्न समय दिने ।
- सहजकर्ताले विद्यालयका प्रत्येक गतिविधिका विषयमा जानकारी लिने चासो राखे र सुधारका लागि सुझाव दिने अधिकार र दायित्व समुदायका नागरिकको हुने र विद्यालय सुधारका लागि आउने विचारहरुलाई सम्मान गर्दै गुणस्तर अभिबृद्धिका लागि संयोजन गर्ने अवसर र दायित्व विद्यालय व्यवस्थापन पक्षसँग रहने तर्फ सच्त बनाउदै विद्यालय सामाजिक परीक्षण कानूनत गरिनुपर्ने व्यवस्था भएको बताउने र विद्यालयमा सञ्चालन हुने सबैकार्यक्रम बजेट एवं प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई सहभागीतामूलक पारदर्शी एवं जवाफदेहि विद्यालय शिक्षा पद्दतिको विकास गर्ने प्रयोजनका लागि विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ जारी भएको विषय जानकारी गराउने ।

**क्रियाकलाप न २ : सामाजिक परिक्षण गर्ने गराउने विधि समय १० मिनेट**

- सहजकर्ताले विद्यालयमा गरिने सामाजिक परीक्षण गर्ने विधि पद्दतिका विषयमा खुला प्रश्न गर्ने र प्राप्त भएको जानकारीलाइ धन्यवाद दिदै देहाय बमोजिमको जानकारी गराउने
- शिक्षा नियमावली २०५९को नियम नियम १७१ (क) बमोजिम समिति गठन गर्ने
- सामाजिक परीक्षणका लागि गरिने तयारी, छलफल एवं निर्णय गर्दा स्थानीय तहको सामाजिक/शिक्षा समितिको संयोजक वा प्रतिनिधिको सहभागीता गराउने ।
- सामाजिक परीक्षण गराउनु पूर्व विज्ञको संयोजकत्वमा हरुसमेतको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमको प्राविधिक उपसमिति गठन गर्ने ।
  - समितिले मनोनित गरेको विज्ञ— संयोजक
  - विद्यालयका शिक्षकहरु मध्येबाट प्रधानाध्यापकले तोकेको एक जना सदस्य
  - विद्यालयबाट निकटतम छिमेकी विद्यालयका शिक्षा शास्त्र संकायमा स्नातक महिला शिक्षक मध्ये वडा कार्यालयले तोकेको एक जना सदस्य

**क्रियाकलाप न ३ : सामाजिक परीक्षण गरिने विषयवस्तु. समयः १५ मिनेट**

- सहजकर्ताबाट आजका दिनसम्म विद्यालयमा सामाजिक परीक्षण गर्दा कुन कुन विषय समावेश गर्दै आउनुभएको छ ? भन्ने प्रश्न शिक्षक अभिभावक सँघका तर्फबाट सहभागीहरूलाइ सोध्ने र एक सहभागी एक

बुँदा पालैपालो भन्न लगाउने । सबैको पालो सकिएपछि विषयवस्तु पुरा नभएको अवस्थामा खुला रूपमा थप गर्न लगाउने ।

- सहभागीको भनाइ सकिएपछि देहायका सामाजिक परीक्षणमा समावेश हुनुपर्ने विषय देखाउने र सहभागीलाइ रूजु गरन लगाउने ।
- विद्यालय सुधार योजना, विद्यालय विकास योजना, वार्षिक कार्य योजना कार्यान्वयनको अवस्था,
- विद्यालय सेवा क्षेत्रमा विद्यालयको पहुँच तथा सेवा क्षेत्रका सबै बालबालिका विद्यालयमा भर्ना भए नभएको,
- वार्षिक विषयगत, कक्षागत र तहगत सिकाइ उपलब्धिस्तर तथा शिक्षकबाट भएका कार्यमूलक अनुसन्धान, घटना अध्ययन प्रतिवेदनहरु,
- विद्यालय सुरक्षाको अवस्था, विद्यालयको बालमैत्री तथा लैङ्गिकमैत्री वातावरण (शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट प्रयुक्त व्यवस्थापन परीक्षण सूचकहरुसहित),
- शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग र व्यवस्थापन,
- भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थापन, भवन, उपयुक्त कक्षा कोठा, खेलमैदान, घेराबार),
- खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी १० सूचकहरु (पानी सहितको छात्र तथा छात्रा शौचालय, शौचालयको सञ्चालन अवस्था (ढोकाको छेस्किनी, युरिनलको उचाइ, अपांगतामैत्रीपन आदि),
- समुदाय विद्यालय सम्बन्ध, अभिभावक भेला, छलफलका विषयवस्तु, विद्यालयप्रति अभिभावकको दृष्टिकोण र सामाजिक सम्बन्ध,
- विद्यालयको वार्षिक आयव्ययको र बेरुजुको अवस्था,
- शिक्षक विद्यार्थी, शिक्षक—शिक्षक, विद्यालय समुदाय सम्बन्ध सामुदायिक संघ सस्थाहरुसँगको सम्बन्ध, समन्वय र सहयोग
- विद्यालयको पूर्वाधार विकास, स्वीकृत बजेट र तोकिएको समयमा गुणस्तरीय कार्य सम्पन्न भए नभएको (बेरुजुको अवस्था),
- विद्यालयमा निशुल्क दिवा खाजा तथा सेनिटरी प्याड व्यवस्थापन,
- अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, पास सुझाव कार्यान्वयन आदि),
- शिक्षक तथा विद्यार्थीको नियमितता तथा जिम्मेवारी पालना गरे नगरेको, अपनत्व, पारदर्शिता, सुशासनको अवस्था,
- पर्यावरणीय प्रभाव तथा विद्यालयले सामुदायिक विकासमा पारेको सामाजिक आर्थिक प्रभाव
- विविधताको सम्मान (भाषा, धर्म, लिङ्ग) सांस्कृतिक संरक्षणमा योगदान,
- विद्यालय सञ्चालनको दिगोपन (वित्तीय, विद्यार्थी संख्या, शैक्षिक विकास तथा सहयोग),
- गुनासो सुनुवाई कार्यान्वयनको अवस्था (गुनासो पेटिका व्यवस्थापन),
- विद्यार्थीको सिकाइ र व्यवहारिक जीवनको सम्बन्ध
- विद्यालयमा सूचना प्रविधिको प्रयोगको अवस्था,

**क्रियाकलाप न ४ : सामाजिक परीक्षणका लागि मूल्याङ्कनका आधार समयः ३० मिनेट**

- सामाजिक परीक्षण समितिले विद्यालयको समग्र अवस्था मूल्याङ्कन गर्दा सामाजिक परीक्षण मापदण्ड २०७८ का आधारमा मूल्याङ्कन गर्नुपर्दछ भन्ने विषय जानकारी दिने र सूचक यसै पुस्तिकाको अनुसुचीमा समावेश गरिएको छ ।
- सहभागीहरूलाइ सूचक उपलब्ध गराइ अध्ययन गर्न लगाउने र सोही आधारमा स्वमूल्याङ्कन गर्न लगाइ देहायको ढाँचामा अंकन गर्न र कुन कुन क्षेत्रमा सुधार गर्नुपर्ने अवस्था छ ? पहिचान गर्नुहोस ।

| क्र स | विषय | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|
| १ | **विद्यालयबाट गठन भएका समितिहरु (विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सँघ शिक्षक स्टाफ खाजा व्यवस्थापन समिति लगायत)को बैठक र निर्णय कार्यान्वयनको अवस्था** | १० | |
| २ | **विद्यालयको नाममा रहेको जग्गा एवं स्रोतको उपयोगको अवस्था (जग्गा कक्षाकोठा फर्निचर शौचालय पुस्तकालय प्रयोगशाला)** | १० | |
| ३ | **पारदर्शीता सम्बन्धी क्रियाकलाप (सम्पादित कामको सार्वजनिकरण गुनासो व्यवस्थापन आयव्यय सार्वजिकरण लगायत) को अवस्था** | १० | |
| ४ | **तथ्याङ्क विवरण एवं विद्यालय प्रोफाइलको प्रयोग** | ८ | |
| ५ | **विद्यालय सञ्चालन एवं प्राप्त उपलब्धि (बार्षिक क्यालेण्डर विद्यालय सञ्चालन एवं विद्यार्थी सिकाइ उपलब्धि) को अवस्था** | २२ | |
| ६ | **आर्थिक प्रणालीको व्यवस्थापन** | १० | |
| ७ | **विद्यार्थी सुविधा तथा सहयोग(**मापदण्ड बमोजिमको दिवा खाजा स्काउट,रेडक्रस,बालक्लब गठन छात्रबृति वितरण स्वास्थ्य उपचारको व्यवस्थाअतिरिक्त क्रियाकलाप विद्यालय,अन्तर विद्यालय,अन्तर जिल्ला खेलकुद प्रतियागिता लगायत ) | १५ | |
| ८ | **कार्यसम्पादन सँस्कृति(**नियमानुसार प्रधानाध्यापकको नियुक्ति शिक्षकले कक्षामा बिताएको समय जिम्मेवारी तोकिएको स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन तहगत शिक्षक इन्चार्जका व्यवस्था भएको ) | १५ | |
| कूल पूर्णाङ्क | | १०० | |

**क्रियाकलाप न ४ : विद्यालय सुधार योजना : २० मिनेट**

- सहजकर्तालि सामाजिक परीक्षण प्रतिवेदनले विद्यालयमा सुधार गर्नुपर्नेभनी औल्याएका विषय लगायत विद्यालयको समग्र अवस्थालाइ गुणस्तरीय बनाउनका लागि कसरी अगाडि बढनुपर्ला भन्ने विषयमा सहभागीहरूको राय माग गर्ने ।
- सहभागीबाट प्राप्त भएको सुझावलाइ सम्मान गर्दै सुधारका लागि विद्यालय सुधार योजनामा समावेश गर्नुपर्ने विषयमा सबैको एकमत बनाउने ।
- विद्यालय सुधार योजना आफैमा सुधार नभएर सुधारका लागि योजना भएको तर्फ सहभागीहरूलाइ सचेत गराउदै देहायको विषय छलफल गराउने
- विद्यालय सुधार योजनाका माध्यमबाट विद्यालयलाइ शैक्षिक गुणस्तर सुधारका लागि राम्रो विद्यालय(**Better School**), राम्रो शिक्षण (**Better Teaching**) र राम्रो सिकाइ (**Better learning**) अवसरको सुनिश्चितता प्रदान गर्नु हो यसका लागि विद्यालय व्यवस्थापन समिति (विव्यस) शिक्षक अभिभावक सँघको नेतृत्व र सबै सरोकारवालाहरूको सहयोग तथा सहभागितामा विद्यालयको शैक्षिक गुणस्तरमा जोड दिनुको साथै समग्र पक्षको सुधारमा केन्द्रित रही विद्यालय सुधार योजना तयार गर्नु पर्दछ ।
- सहजकर्तालि हाल कार्यान्वयनमा भएको विद्यालय सुधार योजनाको हार्डकपि उपलब्ध गराइ सरसर्ती अध्ययन गर्न लगाउने र उपलब्ध गराउने र विद्यालय सुधार योजनाको प्रमुख अंश संक्षेपमा बताइदिने ।

के तपाइ विद्यालय सुधार योजना अद्यावधिक गर्दै हुनुहुन्छ ? चरणबद्ध रूपमा अगाडि बढौ ।

**कस्तो विद्यालय बनाउने ? सामुहिक दक्ष्टकोढ बनाउनुहोस ।**

कस्तो शैक्षिक उपलब्धि हासिल गर्ने ?

कस्तो व्यवस्थापन र कस्तो पूर्वाधार बनाउने ?

**हालको अवस्था कस्तो छ ? पहिचान गर्नुहोस ।**

सामाजिक परीक्षण प्रतिवेदनले के भन्छ ?

सरोकारवालाहरूको सन्तुष्ठिको अवस्था

**सामूहिक दृष्टिकोण अनुरूप विद्यालय रुपान्तरण गर्न के गर्नुपर्ला ?**


**विद्यालय सुधार योजनामा समावेश भएका तर कार्यान्वयन नभएका**

हालसम्म समावेश नभएका

**विद्यालय सुधार योजना अद्यावधिक गर्ने कार्यान्वयनको जिम्मेवारी तोक्ने**

**विद्यालय व्यवस्थापन समितिबाट शिफारिस गर्ने स्थानीय तहबाट स्वीकृत गर्ने**

**कार्यान्वयन गर्ने समीक्षा गर्ने र पुन अद्यावधिक गर्ने**




**क्रियाकलाप न ४ : विद्यालय सुधार योजना र विव्यस शिअसँको अन्तर्सम्बन्ध**
**समयः ३० मिनेट**

• सहजकर्ताले देहायको प्रसङ्ग बताउदै समूहकार्यका लागि तयारी गर्ने
नेपालमा विद्यालय सुधार योजना बनाउने अभ्यास बीस वर्ष अगाडि देखि हुदै आएको छ । योजना बनेपनि विद्यालयमा आशागरेपति सुधार हुन सकेन । विद्यालय सुधार योजना बन्ने तर विद्यालय सुधार नहुनुका कारण के हुन सक्दछन । यसमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघले कस्तो भूमिका कस्तो हुनु पर्दछ भन्ने विषयमा एक समूह कार्य गर्न लगाउनु होस ।

समूह १ : विद्यालय व्यवस्थापन समिति समूह

| योजना अनुरुप विद्यालयमा सुधार नहुनुका कारण कुन कुन हुन ? | योजनालाइ व्यवहारिक र कार्यान्वयन गर्न सकिने बनाउन के गर्नुपर्ला ? | समितिको भूमिका |
|---|---|---|
| | | |
| | | |

समूह २ : शिक्षक अभिभावक सँघ समूह

| योजना अनुरुप विद्यालयमा सुधार नहुनुका कारण कुन कुन हुन ? | योजनालाइ व्यवहारिक र कार्यान्वयन गर्न सकिने बनाउन के गर्नुपर्ला ? | शिअसँको भूमिका |
|---|---|---|
| | | |

- समूहकार्य पश्चात दुई समूहबाट प्रस्तुत गर्न लगाउनुहोस र प्रस्तुतीप्रति सम्मान व्यक्त गर्दै विद्यालय सुधार योजना विद्यालय सुधुरका लागि भएकाले योजना बनाउदा नै विव्यस र शिअसँका पदिधकारीहरूको सक्रिय सहभागीता आवश्यक भएको र कार्यान्वयनका प्रत्येक चरणमा सहजीकरण र अनुगमनको खाँचो पर्ने विषय बताउने ।
- एक पटक बनेको योजना सधै सधैका लागि अनुकुल नहुनेतर्फ सहभागीलाइ सचेत बनाउदै देहायको सर्कल देखाएर समयको माग र आवश्यकतालाइ विद्यालय सुधार योजनाले संबोधन गर्न सक्नुपर्ने विषय बताउने ।

विव्यस र शिअसँले विद्यालयमा गर्न खोजेको सुधारको दस्तावेज विद्यालय सुधार योजना भएकाले योजना विशेषत विव्यस र शिअसँको आवाज हो भन्न सकिन्छ । यसका लागि विव्यस र शिअसँ योजना बनाउदा कार्यान्वयन गर्दा र समीक्षा गर्दा सधै चनाखो भइरहनुपर्दछ ।

**दिनः दोस्रो सत्रः तेस्रो समयः १ घण्टा १० मिनेट**

## विव्यस र शिअसँका भावी कार्ययोजना

**१ परिचयः** विव्यस र शिअसँबाट सम्पादन हुने सबै किसीमका कार्यहरू एवम् जिम्मेवारीहरू कानूनत तोकिएका छन। विव्यस र शिअसँका पदाधिकारीका लागि सञ्चालन गरिएको दुईदिने क्षमता विकास कार्यक्रमको अन्तिम चरणमा आइपुगेको वर्तमान अवस्थामा विव्यस र शिअसँबाट विद्यालयमा गरिने सुधारका कार्यहरूमा आधारित भावी कार्ययोजना निर्माण र कार्यक्रम समापनका यो सत्र केन्द्रित रहनेछ ।

**२ उद्देश्यः**: यस सत्रको अन्त्यमा प्रशिक्षकहरूमा देहाय बमोजिमको सक्षमता हासिल हुनेछ ।

- विव्यस र शिअसँका बैठकका एजेण्डा तय गर्ने माइन्युट गर्ने कार्यान्वयन गर्ने गराउने विषयमा आधारभुत जानकारी लिन ।
- विव्यस र शिअसँका आचार संहिताबारे छलफल गर्न ।
- भावी कार्ययोजनामा समावेश गरिने विषयवस्तु पहिचान गर्न ।
- विद्यालयको आन्तरिक अनुगमनबारे जानकारी लिन

**३ तालिम सामग्री**

यस सत्र सञ्चाललनका लागि प्रशिक्षकले देहाय बमोजिमको सामग्रीको व्यवस्था मिलाउनु पर्नेछ ।

- बैठकका माइन्युट प्रतिलिपी
- कार्ययोजना ढाँचा
- तालिमका लागि आवश्यक पर्ने नियमित सामग्री

**४ मुख्य विषयवस्तुः**

- विव्यस र शिअसँको आचारसंहिता निर्माण
- बैठक सञ्चालन र माइन्युट
- कार्ययोजना
- समापन

**५ सहजीकरण प्रक्रियाः**

**क्रियाकलाप न १ : आचारसंहिता विकास र कार्यान्वयन समयः २० मिनेट**

- विद्यालयलाइ व्यवस्थित रूपमा सञ्चालन गर्न गराउनका लागि विव्यस र शिअसँबाट सम्पादन हुने सबै क्रियाकलापहरू विद्यार्थी अभिभावक शिक्षक कर्मचारी समुदायका व्यक्तिहरूका लागि अनुकरणीय हुनुपर्दछ । यसका लागि विव्यस र शिअसँले के गर्नुपर्ने र के गर्न नहुने भन्ने विषयमा आचारसंहिता बनाएर कार्यान्वयन

गर्नुपर्दछ ।आचारसंहिता बनाउने व्यक्तिले कार्यान्वयन गर्नुपर्दछ । यसका लागि केही उदाहरण देखाइ थप आचारसंहिता बनाउन अनुरोध

विद्यालय व्यवस्थापन समितिको आचार संहिता

| क्र स | विद्यालयमा गर्नुपर्ने | गर्न नहुने |
|---|---|---|
| १ | पठनपाठनका लागि स्वच्छ सुरक्षित र शान्त वा वातावरण तयार सहयोग गर्ने | पठन पाठनमा प्रभाव पर्नेगरी होहल्ला गर्ने गराउने र वातावरण लाइ अशान्त बनाउने । |
| २ | सबै शिक्षक कर्मचारी र विद्यार्थीसँग शिष्ट भाषामा सञ्चार गर्ने । | विद्यार्थी शिक्षक कर्मचारीलाइ हेप्ने विभेद गर्ने र अश्लील शब्द प्रयोग गर्ने |
| ३ | नियमले तोके अनुसारको ढाँचा बिधि पद्दतिका आधारमा बैठक बस्ने बैठकमा एजेण्डा अनुसारका सबै सदस्यहरूको राय सल्लाह र सुझाव लिने र निर्णय गर्ने | बैठकमा अनुपस्थित हुने वा बैठकमा उपस्थित हुँदा पनि अनाबश्यक विषयमा प्रवेश गरी एजेण्डा बाहिरका विषय उठान गरी होहल्ला गर्ने । |
| ४ | | |

**क्रियाकलाप न २ : बैठक सञ्चालन माइन्युट गर्नेः १० मिनेट**

- सहजकर्ताले बैठक सञ्चालन एवम् माइन्युटका सम्बन्धमा हाल भइरहेको अभ्यासका विषयमा सहभागीहरूबाट जानकारी लिइ बैठक सञ्चालन एवम् माइन्युटका सम्बन्धमा देहायका विषयमा जानकारी गराउने र आवश्यकता अनुसार छलफल गराउने ।

विव्यस र शिअसँले आफ्नो जिम्मेवारी वहनका लागि बैठक बस्नुपर्दछ । बैठक सञ्चालनका लागि विव्यस र शिअसँले कार्यविधि बनाउनुपर्दछ । बैठक सञ्चालन कार्यविधिमा बैठक बस्ने अवधि, समय, एजेण्डा तय गर्ने, सदस्यहरूलाइ जानकारी गराउने, बैठकमा सदस्यहरूको धारणा राय सल्लाह लिने, निर्णय गर्ने, निर्णय प्रमाणित कहिले कसरी गर्ने, भएको निर्णय कार्यान्वयन गर्ने गराउने, अनुगमन गर्ने गराउने, समीक्षा गर्ने, बैठक बस्दा अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था समिक्षा गर्ने लगायतका विषयहरूमा एक स्पष्ट मापदण्ड तयार गर्नुपर्दछ ।

**क्रियाकलाप न ३ : कार्ययोजना विकासः २० मिनेट**

दुइदिने तालिम कार्यक्रममा सहभागी भएपश्चात भएका सिकाइका आधारमा विद्यालयमा गर्ने सुधारका लागि देहाय बमोजिमको भावी कार्ययोजना बनाउन लगाउनुहोस ।

| क्र स | के गर्ने | किन गर्ने | कसले गर्ने | कसरी गर्ने | कसको सहयोग लिने | कहिले गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**क्रियाकलाप न ४ : समापन कार्यक्रम २० मिनेट**

दुईदिनसम्म सञ्चालन भएको तालिमका सन्दर्भमा सहभागीहरूबाट समीक्षा गरने अवसर दिइ तालिमको समापन गर्ने ।

तालिम आयोजकका तर्फबाट सबैप्रति धन्यवाद व्यक्त गर्ने ।